**मिति २०७६ पौष २० गते बसेको ५३ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु:**

**प्रस्तावहरु:**

१. कार्यविधि र स्वास्थ्य नीति सम्बन्धमा ।
२. जिन्सी मालसामानहरुको लगत कट्टा सम्बन्धमा ।
३. स्वास्थ्य सम्बन्धी कार्यक्रम सम्बन्धमा ।
४. टोल विकास समिति/संस्थाहरुलाई विकास व्यवस्थापनामा सहभागी गराउने सम्बन्धमा ।
५. वहाल विटौली कर सम्बन्धमा ।
६. विपद् तालिम सम्बन्धमा ।
७. सामाजिक विकृति विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
८. नागरिक वडा पत्र सम्बन्धमा ।
९. वडा नं. १२ को सिचाई सम्बन्धमा ।
१०. समर्थन सम्बन्धमा ।
११. विशेष समपुरक अनुदान र समपुरक अनुदान सम्बन्धमा ।
१२. दलितका लागि आयआर्जन कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाका विधेयक समितिबाट प्रस्ताव भएका तपशिल बमोजिमका कार्यविधि र नीति पारित गर्ने निर्णय गरियो ।

१. गोदावरी नगरपालिका श्रमिक परिचय पत्र वितरण कार्यविधी, २०७६
२. गोदावरी नगरपालिका लेखा समितिको कार्यविधी, २०७६
३. अनुगमन तथा सुपरिवेक्षण कार्यविधी, २०७६
४. सुशासन कार्यविधी, २०७६
५. विद्यार्थी दिवा खाजा कार्यक्रम कार्यान्वन कार्यविधी, २०७६
६. गोदावरी नगरपालिका स्वास्थ्य निति, २०७६

**निर्णय नं.२ :** क) यस गोदावरी नगरपालिकामा रहेको गा.वि.स.देखिका खर्च भएर नजाने तपशिलका जिन्सी मालासामानहरुको मिनाहा गरी लगत कट्टा गर्ने निर्देशन दिने निर्णय गरियो ।

**तपशिल :**

ख) प्लाष्टिक कुसी थान ११३, काठको बेन्च ४ थान, सूचना पाटी ८ थान, साईकल १० थान, डाईनिङ्ग टेबल १ थान, कुर्सी थान २७, टेबल १७ थान, खाट ८ थान ।

ग) गत आ.व २०७५/०७६ को जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका तपशिल बमोजिमका मालसानहरुको नियमानुसार लिलाम प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिकाको स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रमहरुबाट परिमार्जन गरी देहाय बमोजिमको कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र रहेका टोल विकास समिति/संस्थाहरुलाई विकास व्यवस्थापन कार्यमा सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्रको वहाल बिटौली कर सम्बन्धी यस भन्दा पूर्व नगर सभाबाट पारित भए बमोजिम यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस गोदावरी नगरपालिकाको १२ वटै वडामा विपद्को तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्रको विभिन्न स्थानमा सामाजिक विकृति विरुद्ध सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** यस गोदावरी नगरपालिकाको नागरिक वडा पत्र स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस गोदावरी नगरपालिका वडा नं. १२ मा सिचाई शिर्षकबाट खर्च लेखिने गरी सिरानी कुलो निर्माणका लागि लगत ईष्टिमेट बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** जिल्ला समन्वय समिति, कैलाली र यस नगरपालिकाको लागत सहभागितामा सञ्चालन हुने देहायका योजनाहरु समर्थन गर्ने निर्णय गरियो ।

**देहाय :** १. मालाखेती अस्पताल : क) Digital X-Ray Machine खरिद थान १
ख) Generator वा अन्य आवश्यक मालसामान खरिद } रु. २५,००,०००/-

२. गो.न.पा. वडा नं. २ मा रहेको श्री कृष्ण नि.मा.वि.भवन निर्माण रु. २५,००,०००/-

३. गो.न.पा. वडा नं. ६ मा रहेको गौडी भन्दा माथि सिरानी खानेपानी डिप ट्युवेल रु. २५,००,०००/-

**निर्णय नं.११ :** यस गोदावरी नगरपालिकाबाट विशेष समपुरक आनुदान तर्फ गोदावरी नगरपालिकामा एकिकृत स्वास्थ्य जन्य फोहरमैला व्यवस्थापन योजना र समपुरक अनुदान तर्फ तपसिलिको योजना राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

**तपसिल :**

१.समैजी सामुदमयिक वन तथा सेहरी मुरकट्टी रोड कालोपत्रे, गोदावरी न.पा. वडा नं. ८ र ९

२. बेलपानीदेखि घुम्तीगडा हुँदै पट्रेनी देखि काफलपानी रोड कोलोपत्रे, गोदावरी न.पा. वडा नं. ४

**निर्णय नं. १२ :** यस गोदावरी नगरपालिका अन्तर्गत वडा नं. ३, ७, १०, ११ र १२ मा दलितहरुका लागि आयआर्जन कार्यक्रम (अनुदान) सञ्चालनका लागि राष्ट्रिय योजना आयोगमा पठाउने र देहायका योजनाहरु छनौट गरी समपूरक अनुदानका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा पठाउने निर्णय गरियो ।

**देहाय**

१. वडा नं. ९ को वडा कार्यालय भवन निर्माणका लागि,
२. पूर्व पश्चिम राजमार्ग बाट दाँया र बाँया ढल निकासका लागि,
३. सृजनशिल युवा क्लव जाने बाटोमा ढलनिकास,
४. वरपिपल दुरसञ्चार गल्ली ढल निकास,
५. गेटा सरस्वती मा.वि. हुदै न्यू मिन्स स्कूल सम्म नाली निर्माण,
६. गेटा-मुरकट्टी सडक कालोपत्रे,
७. बल्मी रिङ्गरोड कालोपत्रे गर्ने कार्य,
८. शान्ति टोल कालोपत्रे गर्ने कार्य,
९. गौडी देखि भोटेबस्ती सम्म रिङ्गरोड कालोपत्रे,

**निर्णय नं. १३ :** यस गोदावरी नगरपालिका कार्यालयबाट पेश भएको सम्पूर्ण बेरुजु नियमित गर्न नगर सभा बैठकमा पेश गर्न स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :** यस गोदावरी नगरपालिका अर्न्तगत मालाखेती अस्पतालको दरबन्दी संशोधन गर्न नगरसभा बैठकमा पेश गर्न स्विकृति दिने निर्णय गरियो ।